१. साविक स्यालाखदी गाविस (हाल वडा नम्वर २) स्थित जंगारखोलामा निर्माण हुने १ मेगावाट जलविद्युत योजना र नगरपालिका क्षेत्रभित्र स्थापना हुने उद्योगहरुको प्रवर्धनको लागि वडा नं १० मा निर्माण हुने करिव ४५ किलोवाट जलविद्युत आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने **कार्यको कार्यशर्त विवरण**

क. संक्षिप्त विवरण

| | |
|---|---|
| **काम** : नगरपालिका क्षेत्रभित्रका अनसूची १ मा उल्लेखित विद्युत आयोजनासँग सम्बन्धित योजनाहरुको विस्तृत योजना प्रतिवेदन (DPR) तयार गर्ने | **सेवा प्रकृति** : **परामर्श सेवा** |
| **कार्यालय:** आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम(पश्चिम) | **सुपरिवेक्षक:** नगर कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत र **नगरपालिका अन्तर्गतका निकायहरू** |
| **कार्य समय** : सम्झौता भएको दिनदेखि सम्झौतामा उल्लेख भए अनुसार | **सेवा अवधि** : सम्झौता भएको मितिबाट ६ महिनाभित्र |
| **प्रतिवेदन पेश गर्नुपर्ने निकाय** : **आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम(पश्चिम)** | **मुख्य कार्य :**<br>● १ मेगावाट क्षमताको जंगारखोला जलविद्युत आयोजना निर्माणको लागि **विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने** ।<br>● वडा नं १० मा ४५ किलोवाटको लघु जलविद्युत आयोजना निर्माणको लागि **विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने** ।<br>● विस्तृत परियोजना प्रतिवेदनमा समपूरक अनुदान तथा विशेष अनुदान प्राप्ति प्रयोजनको लागि देहायका कुराहरु समावेश भएको छुट्टै विवरण तयार गरी पेश गर्नुपर्नेछ :-<br>✓ योजनाको सम्भाव्यता अध्ययन<br>✓ योजनाको लागत<br>✓ योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ<br>✓ योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति<br>✓ योजनाको आवश्यकता र प्राथमिकता |

Created by Universal Document Converter

| | |
|---|---|
| | |

उद्देश्यहरु :

- उर्जाको क्षेत्रमा नगरपालिकालाई आत्मनिर्भर तुल्याउने ।
- नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विभिन्न उद्योग व्यवसायको लागि आवश्यक उर्जाको उपलब्धता सुनिश्चित गरी उद्योग व्यवसाय प्रवर्धन गर्ने ।
- वडा नं १, २, ३, ५ मा विद्युत माग पुर्ति गर्ने एवम् नगरपालिकाभित्र सञ्चालन हुने उद्योगहरुको लागि आवश्यक विद्युत आपूर्ति गर्ने ।
- जलविद्युत आयोजना निर्माणको लागि संघ तथा प्रदेशबाट समपूरक एवम् विशेष अनुदान प्राप्त गर्न अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १० को उपदफा २ अनुसारको आधार तयार गर्ने ।
- **भौतिक संरचना निर्माणको लागि वास्तविक डिजाइन, इस्टिमेट र नक्सा तयार गरी डिजाइन, इस्टिमेट र नक्सा अनुसारको भौतिक संरचना निर्माण गर्ने ।**
- **स्रोत साधन र बजेट कार्यान्वयन र परिचालनमा वास्तविकता ल्याउने ।**
- **नगरपालिकामा कार्यरत इन्जिनियर एवम् प्राविधिक कर्मचारीहरूको दक्षता अभिवृद्धि गर्ने ।**

ख. कार्य विवरणहरु

| मुख्य क्रियाकलापहरु | कार्य सम्पादन सुचक | सुचकको स्रोत |
|---|---|---|
| परामर्शदाताले गर्ने कार्यहरु निम्नानुसार हुनेछन्: | | |
| • १ मेगावाट क्षमताको जंगारखोला जलविद्युत आयोजना निर्माणको लागि **विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने** ।<br>• वडा नं १० मा ४५ किलोवाटको लघु जलविद्युत आयोजना निर्माणको लागि **विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने** ।<br>• विस्तृत परियोजना प्रतिवेदनमा समपूरक अनुदान तथा विशेष अनुदान प्राप्ति प्रयोजनको लागि देहायका कुराहरु समावेश भएको छुट्टै विवरण | • विस्तृत परियोजना प्रतिवेदन तयार भएको ।<br>• **परामर्शदाताको ज्ञान तथा सीप र दक्षता नगरपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरूमा हस्तान्तरण भएको ।**<br>• समपूरक अनुदान र विशेष अनुदान प्राप्तिको लागि आवश्यक आधारसहितको दस्तावेज तयार | • **स्थानीय तहका प्रणालीहरूको संचालन र प्रतिवेदन ।**<br>• **नगरपालिकाका विभिन्न निकायले गरेको अनुगमन तथा मूल्यांकण**<br>• **सम्बन्धित फाँटका कर्मचारीहरूको कार्यसम्पादन स्तरको मापन** |

Created by Universal Document Converter

| | | |
|---|---|---|
| तयार गरी पेश गर्नुपर्नेछ :-<br>✓ योजनाको सम्भाव्यता अध्ययन<br>✓ योजनाको लागत<br>✓ योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ<br>✓ योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति<br>✓ योजनाको आवश्यकता र प्राथमिकता | भएको । | |

**ग. कार्यविवरण लक्ष्य तथा उद्देश्य पुरा गर्न आवश्यक क्षमता तथा स्रोतसाधनहरु**

| सीप तथा क्षमता | स्रोत साधनहरु र उपकरणहरु | सहयोगी व्यवस्थाहरु तथा वातावरण |
|---|---|---|
| • **सूचना तथा सञ्चार प्रविधिमा दक्षता**<br>• **विस्तृत परियोजना प्रतिवेदन निर्माण सम्बन्धमा परामर्शदाताको** कम्तिमा एक वर्षको **अनुभव र कार्यसम्पादन स्तर** | नगरपालिकाले परामर्शदाताले एकाई दर (प्रति संरचना सर्वे डिजाइन गर्न लाग्ने खर्च)को आधारमा पेश गरेको आर्थिक प्रस्ताव बमोजिमको रकम उपलब्ध गराउनेछ । यसका अतिरिक्त परामर्शदातासँग कार्य सम्पादन गर्न न्यूनतम देहायका स्रोत साधन तथा उपकरण आवश्यक पर्नेछन् :-<br>• **ल्यापटप,** कम्प्युटर लगायतका सामग्रीहरु<br>• **दक्ष जनशक्ती** तथा अन्य सहयोगी जनशक्ति<br>• **सर्वे, डिजाइनको लागि आवश्यक पर्ने सम्पूर्ण प्राविधिक उपकरणहरू** | • **कार्यक्रम सम्बन्धमा आधारभुत एवं अन्य विषयगत तालिम, अभिमुखिकरण**<br>• **सन्दर्भ सामाग्रीहरूको उपलब्धता - नीतिगत दस्तावेजहरू, कार्यक्रम दस्तावेज र कार्य योजना आदी)**<br>• **अनुभव आदान प्रदान र सिकाईको अवसर**<br>• **उपयुक्त कार्य वातावरण (सूचनामा पहुँज, अन्तर सम्बन्धको विकास, उत्प्रेरणा आदी)** |

➢ **परामर्शदाताले सम्झौता भएको मितिले** ६ महिनाभित्र **माथि उल्लेखित सम्पूर्ण कार्यहरू सम्पन्न गरी नगरपालिकामा** विस्तृत परियोजना **प्रतिवेदन पेश गरिसक्नु पर्नेछ ।**

Created by Universal Document Converter

- **नगरपालिकाले परामर्शदाताको लागि आवश्यक पर्ने नगरपालिकामा उपलब्ध भएसम्मका एवम् उपलब्ध गराउन मिल्ने खालका सूचनाहरू उपलब्ध गराउने छ ।**
- **माथि उल्लेखित कार्यहरू गर्न नगरपालिकाले उपलब्ध गराउन सक्ने भौतिक सुविधा एवम् उपकरणहरू छनौट भएको परामर्शदाता र नगरपालिकाविचको सम्झौतामा उल्लेख गरिनेछ ।**
- परामर्शदाताले आवश्यकता अनुसार प्रस्ताव पेश गर्नु अघि विस्तृत परियोजना प्रतिवेदन तयार पार्नुपर्ने संरचना र स्थलको स्थलगत भ्रमण गर्न सक्नेछ ।

**अनुसूची १**

| क्र.स. | आयोजनाको नाम | ठेगाना | क्षमता | कैफियत |
|---|---|---|---|---|
| १. | जंगारखोला जलविद्युत आयोजना | वडा नं. २ | १ मेगावाट | |
| २. | लघु जलविद्युत आयोजना | वडा नं. १० | ४५ किलोवाट | |

Created by Universal Document Converter